जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : २३ | २०८३ साल वैशाख २६ गते, शनिबार | Saturday, May.– 09 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## रातको अँध्यारोमा सीमा पार तस्करी मौलाउँदै, खेना र सियाराम नाम फेरि चर्चामा

***२५ वैशाख, कलैया।***

बारा, पर्सा र रौतहट सीमावर्ती क्षेत्रमा लागूऔषधसँगै कपडा, काजु, चकलेटलगायत उपभोग्य सामानको तस्करी रोकिएको छैन। स्थानीय स्रोत र सीमाक्षेत्रका सूचनाहरू अनुसार अवैध कारोबारको सञ्जालमा खेना र सियाराम नाम विशेष रूपमा जोडिँदै आएको छ, जसलाई तस्करी व्यवस्थापन र ओसारपसारमा समन्वय गर्ने व्यक्तिका रूपमा स्थानीयस्तरमा चर्चा गरिन्छ।

स्थानीयवासीका अनुसार रातको समय प्रयोग गर्दै मोटरसाइकल र साना सवारीसाधनमार्फत सीमापारबाट सामान ओसारपसार हुने गरेको छ। कपडा, काजु, चकलेट, किसमिसजस्ता सामान नेपालतर्फ भित्र्याइने र भित्री गाउँ हुँदै ठूला बजारसम्म पुर्‍याइने गरिएको दाबी छ। यस क्रममा कचोर्वा, बसवरिया-भरोखर, सतुआही अठमुहान, कवलपुर-अगरवा, पिपरपाती-बेनौली र बेलदारी-चिकनी बैरिया लगायतका नाकाहरू मुख्य रुटका रूपमा प्रयोग हुँदै आएको बताइन्छ। गएराती ४ वटा भारतिय मोटरसाईकल मार्फत कुडवा चोक हुँदै प्रहरीको सिम्रौनगढ क्षेत्रलाई तस्करी सेटिङमा





करोबार तिब्र बनाईएको श्रोतले ठोकुवा गरे। रामनगरमा तस्कर सञ्जालको भण्डारण तथा वितरण केन्द्रका रूपमा प्रयोग गरिएको आरोप पनि स्थानीयले लगाएका छन्। यहाँ ल्याइएका सामान बन्डलमा राखेर विभिन्न समूहमार्फत भित्री बजारसम्म पठाइने गरिएको दाबी छ।

यसैबीच, भारतीय सीमा सुरक्षा बल (एसएसबी) र स्थानीय प्रहरीको संयुक्त कारबाहीमा अगरवा नजिक नेपाली रुपैयाँ २ लाखसहित एक भारतीय नागरिक पक्राउ परेका छन्। साथै घोडासहन क्षेत्रमा १ किलो ४८० ग्राम अफिमसहित एक महिला पक्राउ परेकी छिन्, जसको सम्बन्ध सिम्रौनगढ क्षेत्रसँग रहेको अनुसन्धानमा खुलेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

स्थानीयले खेना र सियाराम नामलाई सीमावर्ती तस्करी नेटवर्कसँग जोडेर बारम्बार चर्चा गर्ने गरेका छन्। उनीहरूको भूमिका समन्वय र व्यवस्थापनतर्फ रहेको आशंका गरिए पनि यसको आधिकारिक पुष्टि भने भएको छैन। सुरक्षा निकायले सीमा क्षेत्रमा नियमित गस्ती र निगरानी भइरहेको दाबी गर्दै आएको छ। तर स्थानीयवासीले भने रातको समयमा तस्करी झन् सक्रिय हुने गरेको भन्दै नियन्त्रणका लागि थप कडा र प्रभावकारी कदम आवश्यक रहेको माग गरेका छन्।

समग्रमा, बारा-पर्सा-रौतहट सीमामा अवैध कारोबारको सञ्जाल अझै सक्रिय देखिँदा खेना र सियारामको नाम पुनः चर्चामा

बाँकी तेस्रो पृष्ठमा

## कलैयामा सामी कार्यक्रमद्वारा सुरक्षित वैदेशिक रोजगारीबारे सञ्चारकर्मीसँग अभिमुखीकरण

***संवाहक सम्वादाता-२५ वैशाख, कलैया***

कलैया उपमहानगरपालिका को आयोजना तथा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी अभिमुखीकरण तथा सञ्चारमाध्यम अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। “स्वदेशमै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जानै परे सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं” भन्ने नारासहित आयोजित कार्यक्रममा पत्रकार, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाको सहभागिता रहेको थियो।

कार्यक्रमको उद्घाटन नगर प्रमुख बिनोद साह ले ब्यानर वाचन गरेर गरेका थिए। कार्यक्रममा उपप्रमुख रौशन प्रविण ले सुरक्षित वैदेशिक रोजगारीका लागि सही सूचना, सीप




र कानुनी प्रक्रिया आवश्यक रहेको बताइन्। प्रमुख प्रशासकीय अधिकृत रामबिनय कुमार सिंह लगायतको उपस्थिति रहेको कार्यक्रममा वैदेशिक रोजगारीका क्रममा हुने जोखिम, ठगी तथा राहत व्यवस्थाबारे विस्तृत जानकारी दिइएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बारा शाखाका उपाध्यक्ष पन्नालाल दास ले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले सही सूचना लिएर मात्रै

बाँकी दोस्रो पृष्ठमा

## नेशनल मेडिकल कलेज प्रकरणमा उच्चस्तरीय छानबिनको माग स्वामित्व विवाद

***वीरगञ्ज, २५ वैशाख।***

वीरगञ्ज स्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालको स्वामित्व र सञ्चालन प्रक्रियाबारे उच्चस्तरीय निष्पक्ष छानबिनको माग गरिएको छ।

राष्ट्रिय सम्पदा तथा सार्वजनिक सम्पत्ति संरक्षण मञ्चले कलेजसँग सम्बन्धित स्वामित्व विवाद, किर्ते कागजात, राजस्व छली र सम्पत्ति शुद्धीकरणसम्बन्धी आरोपहरू सार्वजनिक गर्दै सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको हो।




मञ्चले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा आन्तरिक राजस्व विभागलाई तत्काल अनुसन्धान गर्न आग्रह गरेको छ।

मञ्चका अनुसार वि.सं. २०५३ सालमा जिल्ला प्रशासन कार्यालय पर्सामा दर्ता भएको नेपाल मुस्लिम वेलफेयर सोसाइटी को नाममा कलेज स्थापना गरिएको भए पनि पछि सो संस्था निजी स्वार्थका लागि प्रयोग गरिएको आरोप छ। सामाजिक हितका लागि स्थापना भएको संस्था निजी कम्पनीमा रूपान्तरण गरिएको दाबी गरिएको छ।

मञ्चका अध्यक्ष जआफर अन्सारी र महासचिव मंजुरून हक मियाद्वारा जारी वक्तव्यमा संस्थागत संरचना परिवर्तनका क्रममा किर्ते कागजात प्रयोग भएको आरोप लगाइएको छ। मञ्चले विगत दुई दशकदेखि यो मुद्दामा कानुनी प्रक्रिया अघि बढे पनि राजनीतिक र आर्थिक प्रभावका कारण न्याय प्रभावित भएको दाबी गरेको छ। काठमाडौं जिल्ला अदालत र पाटन पुनरावेदन

बाँकी तेस्रो पृष्ठमा

## भारत-नेपाल सीमा क्षेत्रमा सक्रिय डकैती गिरोहका ३ जना पक्राउ, २ नेपाली पनि संलग्न

***वैशाली (भारत), २५ वैशाख।***

भारतको बिहार प्रहरीले लामो समयदेखि भारत-नेपाल सीमावर्ती क्षेत्रमा सक्रिय रहेको एक अन्तर्राष्ट्रिय डकैती गिरोहका ३ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा २ जना नेपाली नागरिक पनि रहेको जनाइएको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा नेपालका कुख्यात अपराधी भनिएका जयराम पासवान, नेपाली नागरिक भोला साह र बिहारको शिवहर निवासी राजीव सिंह रहेका छन्। उनीहरूलाई बिहारको वैशाली जिल्लामा भएको एक सुनचाँदी पसल डकैती घटनापछि पक्राउ गरिएको हो।

गत अप्रिल २० र २१ तारिखको राति महनार थाना क्षेत्रमा एक सुनचाँदी व्यवसायीको घरमा सशस्त्र डकैती भएको थियो। योजनाबद्ध रूपमा आएको समूहले लाखौं रुपैयाँ बराबरको धनमाल लुटेर फरार भएपछि भारतको प्रहरी सक्रिय अनुसन्धानमा जुटेको थियो। घटनापछि विशेष अनुसन्धान टोली (क्स्त) गठन गरिएको थियो। अनुसन्धानका क्रममा सुरुमा राजीव सिंह पक्राउ परेका थिए। उनको बयानका आधारमा प्रहरीले अन्य दुई जनासम्म पुगेर पक्राउ गर्न




सफल भएको बताइएको छ।

प्रहरीका अनुसार यो गिरोह भारत-नेपाल सीमावर्ती क्षेत्रमा सक्रिय आपराधिक सञ्जालको रूपमा काम गर्दै आएको थियो। उनीहरू विभिन्न घटनापछि मलेसिया भाग्ने र केही समयपछि नेपाल फर्किएर पुनः सीमा क्षेत्रमा अपराध गर्ने गरेको खुलासा भएको छ।

वैशालीका प्रहरी उपरीक्षक विक्रम सिहागका अनुसार डकैतीको योजना बिहारको बेतियामा आयोजित एक विवाह समारोहमा बनाइएको थियो, जहाँ नेपाल र भारतका अपराधीहरूबीच समन्वय भएको देखिएको छ।

प्रहरी अभिलेखअनुसार जयराम पासवानविरुद्ध भारतका विभिन्न जिल्लासहित नेपालमा समेत गरी २४ वटा आपराधिक मुद्दा दर्ता छन्। भोला साहविरुद्ध पनि ११ वटा मुद्दा रहेको उल्लेख गरिएको छ।

पक्राउ परेका अभियुक्तहरूसँग चोरीका दुई मोटरसाइकल र चार मोबाइल फोन बरामद गरिएको प्रहरीले जनाएको छ। यद्यपि डकैतीमा लुटिएको सम्पूर्ण धनमाल अझै फेला परेको छैन।

प्रहरीले गिरोहका अन्य फरार सदस्यहरूको खोजी जारी राखेको जनाएको छ। भारत-नेपाल सीमामा सक्रिय आपराधिक समूहहरूबारे थप अनुसन्धान भइरहेको पनि प्रहरी स्रोतले जनाएको छ।

## वीरगञ्जमा सार्वजनिक यातायात सुधारका लागि कडा निर्णय जोखिमपूर्ण सडकमा सवारी रोकदेखि अवैध टिकट काउन्टर हटाउनेसम्म

***वीरगञ्ज, २५ वैशाख।***

वीरगञ्ज मा सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउन प्रशासनले कडा निर्णयहरू गरेको छ। जिल्ला प्रशासन कार्यालयमा सरोकारवालाहरूको बैठक बसेर यातायात प्रणाली सुधारका लागि विभिन्न नियम कडाइका साथ लागू गर्ने निर्णय गरिएको हो।

बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्रअनसार जोखिमपूर्ण सडकहरूको पहिचान गरी आवश्यक अवस्थामा सवारी आवागमन पूर्ण रूपमा रोक्ने निर्णय गरेको छ। विपद् वा खराब मौसमको अवस्था आएमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले सडक अवस्थाको विश्लेषण गरेर सवारी सञ्चालन रोक्न सक्ने व्यवस्था मिलाइएको छ।

साथै, विपद्का बेला यात्रु अलपत्र पर्न नदिन जिल्ला प्रहरी कार्यालयले पूर्वतयारी योजना बनाउने र निर्देशन उल्लंघन गर्ने सवारी चालक तथा धनीलाई कानुनअनुसार कारबाही गर्ने निर्णय पनि गरिएको छ।

बैठकले सार्वजनिक यातायातमा यात्रु सुरक्षा सुनिश्चित गर्न १५ दिनभित्र सबै सवारी साधनमा ऋ्ऋत्व वा ड्यासक्याम अनिवार्य जडान गर्नुपर्ने निर्णय गरेको छ। सुरक्षा निकायले माग गरेमा सम्बन्धित फुटेज उपलब्ध

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


**प्रकाशक/सम्पादक**
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

**सह-सम्पादक**
मुन्ना कुमार

**सामाचार सम्पादक**
सरोज दास

**कानुनी सल्लाहकार**
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

**कम्प्यूटर सेटिङ्ग**
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

**प्रधान कार्यालयः**
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय .......


## मानवसाङ्लोले दिएको सन्देश : विकास जनतामाथि होइन, जनतासँग हुनुपर्छ

वीरगञ्जको मेनरोडमा बिहीबार देखिएको मानवसाङ्लो केवल विरोधको प्रतीक थिएन, त्यो स्थानीयवासीको पीडा, असुरक्षा र अस्तित्व जोगाउने सामूहिक आवाज थियो। गण्डकदेखि मितेरी पुलसम्म हातेमालो गर्दै उभिएका घरधनी र व्यवसायीहरूले स्पष्ट सन्देश दिएका छन्–विकासको नाममा जनतालाई त्रसित पार्ने काम स्वीकार्य हुँदैन।

मानवसाङ्लो लोकतान्त्रिक समाजमा शान्तिपूर्ण प्रतिरोधको शक्तिशाली माध्यम हो। जब नागरिकहरू आफ्नो घर, व्यवसाय र भविष्य जोगाउन सडकमा उत्रिन बाध्य हुन्छन्, त्यसले राज्यका योजनामाथि गम्भीर प्रश्न उठाउँछ। वीरगञ्जमा पनि त्यही भएको छ। स्थानीयवासी विकासविरोधी होइनन्, तर उनीहरू योजनाविहीन र संवेदनहीन विकासको विरोधमा उभिएका छन्। दशकौंदेखि कानुनी रूपमा निर्माण भएका घर तथा व्यापारिक संरचनामाथि डोजर चलाउने चर्चा मात्रैले पनि हजारौं परिवार त्रसित बनेका छन्। व्यापारिक शहर वीरगञ्जको मुख्य बजार क्षेत्र कुनै खाली जमिन होइन, हजारौं नागरिकको जीवन, श्रम र भविष्यसँग जोडिएको क्षेत्र हो। त्यसैले यहाँको समस्या केवल सडक विस्तारको प्राविधिक विषय होइन, मानवीय संवेदनशीलतासँग गाँसिएको मुद्दा पनि हो।

मानवसाङ्लोले सरकार र प्रशासनलाई अर्को महत्वपूर्ण सन्देश पनि दिएको छ–संवादबिना विकास सम्भव हुँदैन। यदि राज्यले नागरिकको आवाज नसुनी एकतर्फी निर्णय लाद्ने प्रयास गर्छ भने त्यसले अविश्वास र द्वन्द्व बढाउँछ। विकास योजनामा वैज्ञानिक अध्ययन, वैकल्पिक व्यवस्था, उचित मुआब्जा र स्थानीय सहभागिता अनिवार्य हुनुपर्छ। वीरगञ्जको सडकमा बनेको मानवसाङ्लो अब केवल आन्दोलनको दृश्य होइन, राज्यलाई जनउत्तरदायी बन्न दबाब दिने प्रतीक बनेको छ। सरकारले यसलाई अवरोधका रूपमा होइन, नागरिकको चेतावनी र सुझावका रूपमा बुझ्न आवश्यक छ। विकास तब मात्रै सार्थक हुन्छ, जब त्यसले सडक मात्र होइन, जनताको भरोसा पनि निर्माण गर्छ।

# कूटनीतिक क्षेत्रको गाम्भीर्य



नेपाल जस्तो देशको भूराजनीति, नेपाललाई हेर्ने यसका छिमेकी र अन्य देशको हेराइ, नेपालभित्रकै आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवेशले पनि आफ्नै कूटनीतिक क्षेत्रको अवयवमा प्रभाव परिरहेकै हुन्छ। राजदूतलाई कुनै पनि सरकारले आफ्नो नीतिअनुरूप कार्य गर्न पठाउने भएकाले राजदूत बनाइने व्यक्तिले देश र सरकारको नीति बुझेको छ कि छैन, बुझेको छ भने त्यसमा नैतिक र इमानदार बन्न सक्छ कि सक्दैन भन्नेतर्फ पनि स्पष्ट हुनै पर्छ।



प्रा. चिरञ्जीवी खनाल

राजदूतलाई कूटनीतिज्ञ र सरकारी अधिकारीको संज्ञा दिइन्छ, जसले विदेशमा आफ्नो देशको प्रतिनिधित्व गर्छ। आफ्नो राष्ट्रिय हितको रक्षा गर्नु, आफ्नो देशको पक्षमा सम्झौता अघि बढाउनु, सम्बन्धित देशसँग कूटनीतिक वार्ता गर्नु र विदेशी सरकारहरूसँग शान्तिपूर्ण सम्बन्ध कायम गर्नु राजदूतको न्यूनतम दायित्वभित्र पर्छ। नेपालमा कूटनीतिक युगको प्रवेशसँगै यस क्षेत्रमा संवेदनशील देखिए पनि विगतमा सरकार चलाउनेहरूले भने यसप्रकारको जिम्मेवारी अनुसारको कूटनीतिक सेवाको गरिमालाई बेवास्ता गरेको पाइन्छ। कूटनीतिक सेवाका लागि विशेषज्ञताका आधारभन्दा पनि कतिपय नियुक्तिमा अपरिपक्व कार्यकर्ता, आफन्तलाई प्राथमिकता दिइएको गुनासा नआएका होइनन्। कतिपय अवस्थामा सरकारमा बस्नेहरूले विभिन्न प्रलोभनका आधारमा र सहयोगका नाममा आर्थिक लेनदेन भएका भनाइ सञ्चार माध्यममा पनि आउने गरेका छन्। यी भनाइलाई मानाङ्क ठान्ने हो भने विगतका सरकार सञ्चालकले विशेषज्ञताभन्दा बढी चाकडी, चाप्लुसी र कोसेलीपातको पहुँचका आधारमा नियुक्तिलाई प्रभाव पार्ने परिपाटी अपनाएका थिए। अहिलेको सरकारले इमानदारी र योग्यतालाई पच्छ्याउँछ कि चाकडी, चाप्लुसी र कोसेलीपातलाई महषव दिन्छ, या आर्थिक लेनदेनको चलखेल हुन्छ, यसको परीक्षण हुन बाँकी नै छ। नेपाली राजनीतिमा आएको हालको परिवर्तनले पनि यी विषयलाई नेपालका कूटनीतिक क्षेत्रका विज्ञहरूले गम्भीरताका साथ लिने अपेक्षा गरेका छन्।

आधुनिक विश्वमा राजदूतहरूको भूमिका महत्वपूर्ण मानिन्छ। किनभने तिनीहरू संसारका विभिन्न मुलुकसँग सम्पर्क राख्ने प्राथमिक संयन्त्र हुन्, जसको माध्यमबाट देशका सरकारहरूले एकअर्कासँग कुरा गर्छन्। विभिन्न क्षेत्र र विषयमा सहयोग आदानप्रदान गर्छन्, विदेशमा रहेका आफ्ना नागरिकलाई सुरक्षासम्बन्धी चासो दिन्छन् र गलत सूचनालाई द्वन्द्वमा परिणत हुनबाट रोक्छन्। तिनीहरूबिना सरकारहरूलाई विश्वका अन्य राष्ट्रहरूसँग सञ्चारका लागि स्थायी, विश्वसनीय माध्यमको अभाव हुन सक्छ। राजदूतहरूले वास्तवमा गर्नैपर्ने कामका बारेमा सोच्दा किन लगभग विश्वका हरेक राष्ट्रले दूतावासहरू कायम राख्न ठुलो लगानी गर्छन् भन्ने प्रस्ट हुन्छ।

कूटनीतिक कामका लागि चर्चा गर्दा यस विषय क्षेत्रसँग सम्बन्धित विभिन्न प्रावधान र प्रचलन भए पनि मुख्यतया भियना महासन्धिले विशेष महषव राख्छ। १९६१ को भियना सम्मेलनमा १९० भन्दा बढी देश सामेल थिए। सो अधिवेशनले स्वतन्त्र देशका कूटनीतिज्ञको आधिकारिक कर्तव्यदेखि लिएर विदेशमा पठाउँदा उनीहरूले प्राप्त गर्ने सम्बन्धित देशको कानुनी सुरक्षासम्मका सबै कुरालाई परिभाषित गरेको छ। आज पनि त्यही महासन्धिलाई आधार मानेर कूटनीतिको परिवेशलाई अर्थ्याउने गरिन्छ। नेपालले पनि यसलाई आत्मसात् गरी यस क्षेत्रमा स्वतन्त्र कूटनीतिक क्षेत्रमा ज्ञान भएका जनशक्तिको खोजी गर्नु अत्यावश्यक छ। विगतको कूटनीतिक क्षेत्रको नियुक्तिमा देखिएका विवाद र समस्याबाट पाठ सिकेर अबका दिनमा पाइला चाल्न यो सरकार तयार हुनु पर्छ।

भियना महासन्धिले कुनै पनि कूटनीतिक मिसनका लागि विशेष महत्व राख्छ। यसको आधारमा विदेशमा गृह सरकारको प्रतिनिधित्व गर्ने, विदेशमा रहेका स्वदेशी नागरिकको हितको रक्षा गर्ने, आयोजक सरकारसँग वार्ता गर्ने, आयोजक देशको अवस्थाका बारेमा जानकारी लिने, भेला गर्ने, रिपोर्ट गर्ने र दुई राष्ट्रहरूबिच आर्थिक, सांस्कृतिक र वैज्ञानिक क्षेत्रमा मैत्रीपूर्ण सम्बन्ध निर्माण गर्ने कार्य गरिन्छ। अभ्यासका दायरामा आधारित दैनिक कार्यमा आवश्यकता अनुसार परिमार्जन गरी अघि बढ्ने भन्ने पनि रहेको छ। आज विश्वमा हुने द्वन्द्वका स्वरूप फेरिएका छन्। प्राकृतिक स्रोत र तिनको उपभोग शैलीमा परिवर्तन आएको छ। देश देशका उद्देश्य तथा लक्ष्यमा आएको परिवर्तनसँगै विश्व कूटनीतिले अलग पहिचानको आभास दिन थालेको छ। नेपालले पनि आजको परिवर्तित अवस्थामा यस क्षेत्रमा भएका कूटनीतिक सेवाको विस्तार या आकुञ्चन र समय अनुसारका त्रुटि सच्याउन अब राजदूतहरूको जिम्मेवारी एवं भूमिकामा पुनर्मूल्याङ्कन गर्नु आवश्यक छ भन्ने राय यस क्षेत्रका विशेषज्ञको छ।

देशको प्रतिनिधित्व भनेको कूटनीतिज्ञले सधैं आफ्नो सरकारको पक्षमा कार्य गर्नु हो। जब कुनै विदेशी भूमिको नेताले नयाँ व्यापार नीति घोषणा गर्छ वा क्षेत्रीय सङ्कट उत्पन्न हुन्छ, त्यस्तो अवस्थामा राजदूतले आफ्नो सरकारको आधिकारिक प्रतिक्रिया दिन्छ। अर्थात् विदेशमा आफ्नो देशको हितमा सरकारको तर्फबाट आधिकारिक धारणा व्यक्त गर्ने कूटनीतिज्ञ राजदूत हो। कूटनीतिज्ञले उड्डयन सम्झौता, इन्धन आपूर्ति र मानवीय संवेदनाका अधिकारदेखि कैदी स्थानान्तरण, हस्तान्तरण तथा जलवायुसम्बन्धी प्रतिबद्धताका विषय र क्षेत्रका सबै विषयमा वार्ता गर्छन्। यी धेरै विषयका निर्णय बैठकहरूमा हुन्छन्। जुन सबै कुरा सार्वजनिक रूपले प्रचारप्रसार गरिँदैनन्। यसका लागि कूटनीतिक व्यक्तित्वको कूटनीतिक चातुर्य, दक्षता जस्ता सिपको भूमिका रहन्छ। यसमा राजदूतले आफ्नो सरकारसँगको तादात्म्य भने मिलाउनु नै पर्ने हुन्छ।

यही भियना महासन्धिमा भएका विषयलाई लिने हो भने पनि नेपालले पठाएका राजदूतले कति कुरा सम्पन्न गर्न सके या सकेनन् भन्नेबारे नेपाल सरकार बेखबर जस्तो देखिने गरेको छ। नेपाल सरकारले नीतिगत रूपमै राजदूतहरूको सामयिक मूल्याङ्कनको परिपाटी राखेको भए आज राजदूत नियुक्तिको विषयमा आशङ्का रहने थिएन। राजदूतले आफ्नो देशको परराष्ट्र नीति, सरकारको नीति तथा जुन देशका लागि राजदूत बनेको हो त्यो देशको नीति र जनभावना पनि बुझेर कुनै प्रकारको प्रभावमा नपरी स्वतन्त्र रूपमा कार्य सम्पन्न गर्न सक्ने नेपाली मनको विशेषज्ञता भएको कूटनीतिज्ञ छनोट हुनु आवश्यक हुन्छ। यसअघि नेपालबाट पठाइएका कतिपय राजदूतले गरेका असल कामलाई पनि विकृत राजनीतिक प्रभावले ओझेलमा पारेको छ।

सञ्चारको अधिकतम सदुपयोग हुन सकेमा पनि विश्व कूटनीतिमा बेग्लै प्रभाव रहने गर्छ। आजको सञ्चारको अधिकतम उपभोगले देश देशबिचको सम्बन्ध नै नागरिक नागरिकबिचको सम्बन्धको उपज बन्न पुगेको छ। आजको कूटनीतिमा जनस्तरको सम्बन्धलाई सन्तुलित र समानताका आधारमा परिभाषित गरेर अघि बढ्नुको विकल्प छैन। नेपालमा जागिर खानका लागि मन्त्रालय प्रवेश गरेको कर्मचारी आफैँले नसोचेको कूटनीतिक जिम्मेवारी समाल्न पुग्नुपर्ने अवस्था छ। कुनै राजनीतिक दलको पछि लागिरह्यो भने मात्रै शक्तिकै भरमा पनि सो जिम्मेवारीमा पुगिने अवस्था भएमा देशको वैदेशिक कूटनीति परिपक्व नहुनेमा नीतिविज्ञहरू नै सहमत रहेका छन्। यसर्थ विषयगत जिम्मेवारीबोधको अर्थमा भने इमानदार प्रवृत्ति आजको अनिवार्य आवश्यकता रहेको विज्ञहरूको विचारलाई नकार्न सकिन्न।

नेपाल जस्तो देशको भूराजनीति, नेपाललाई हेर्ने यसका छिमेकी र अन्य देशको हेराइ, नेपालभित्रकै आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवेशले पनि आफ्नै कूटनीतिक क्षेत्रको अवयवमा प्रभाव परिरहेकै हुन्छ। राजदूतलाई कुनै पनि सरकारले आफ्नो नीति अनुरूप कार्य गर्न पठाउने भएकाले राजदूत बनाइने व्यक्तिले देश र सरकारको नीति बुझेको छ कि छैन, बुझेको छ भने त्यसमा नैतिक र इमानदार बन्न सक्छ कि सक्दैन भन्नेतर्फ पनि स्पष्ट हुनै पर्छ। यति मात्र भयो भने नियुक्ति र पजनीका बारेमा धेरै बहस पैरवी गर्न आवश्यक छैन।

# कलैयामा...

विदेश जानुपर्नेमा जोड दिए। उनले सञ्चारमाध्यमले सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी जानकारीमूलक समाचारलाई प्राथमिकताका साथ प्रचार-प्रसार गर्नुपर्ने बताए।

उनले सीपमूलक तालिम लिएर र श्रम स्वीकृति प्राप्त गरेर मात्रै वैदेशिक रोजगारीमा जानुपर्ने उल्लेख गर्दै त्यसो गर्दा सरकारले उपलब्ध गराउने सेवा-सुविधा सहज रूपमा प्राप्त गर्न सकिने बताए। वैदेशिक रोजगारीमा जाँदा सबै कागजात, पैसा तिरेको रसिद तथा भरपाई सुरक्षित राख्न र परिवारलाई समेत प्रतिलिपि उपलब्ध गराउन आग्रह गरिएको थियो।

कार्यक्रममा सामी कार्यक्रमका प्रतिनिधिहरूले वैदेशिक रोजगारीसम्बन्धी ठगीमा परेका व्यक्तिहरूलाई जिल्ला प्रशासन कार्यालयभित्र रहेको आप्रवासी स्रोत केन्द्रको कक्ष नं. ११३ मा उजुरी गर्न आग्रह गरेका थिए। सरकारले २०७६ सालमै एजेन्ट प्रणाली खारेज गरिसकेको उल्लेख गर्दै अझै पनि गाउँघरमा एजेन्टमार्फत ठगी भइरहेकोप्रति सचेत गराइएको थियो।

कार्यक्रममा वैदेशिक रोजगारीमा जाने कामदारले श्रम स्वीकृति लिएपछि मात्रै विभिन्न सेवा-सुविधा प्राप्त गर्ने व्यवस्था रहेको जानकारी दिइयो। श्रम स्वीकृति लिएर विदेश गएका कामदारको मृत्यु भएमा वैदेशिक रोजगार बोर्डबाट १० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध हुने बताइएको छ। साथै बीमा कम्पनीबाट थप १० लाख रुपैयाँसम्म बीमा रकम उपलब्ध हुने जानकारी दिइयो।

विदेशमा मृत्यु भएका कामदारको शव नेपाल ल्याउने व्यवस्था, विमानस्थलदेखि घरसम्म शव पुऱ्याउन सहजीकरण तथा परिवारलाई आवश्यक सहयोगसमेत सरकारले गर्ने व्यवस्था रहेको जानकारी कार्यक्रममा प्रस्तुत गरिएको थियो।

त्यसैगरी, मृतक कामदारका छोराछोरीलाई आधारभूत तहमा वार्षिक १२ हजार रुपैयाँ र माध्यमिक तहमा १६ हजार रुपैयाँ छात्रवृत्ति उपलब्ध गराइने बताइएको छ। कामदार अंगभंग भएमा वा गम्भीर घाइते भएमा ७ लाख रुपैयाँसम्म राहत उपलब्ध हुने तथा क्यान्सर, मुटुरोग, मृगौला, पार्किन्सन र अल्जाइमरजस्ता घातक रोग लागेमा ५० हजार रुपैयाँसम्म आर्थिक सहायता प्रदान गरिने जानकारी दिइयो। कार्यक्रममा वैदेशिक रोजगारीका क्रममा ठगी, तलब नपाउने, सम्पर्कविहीन हुने तथा अन्य समस्यामा परेका व्यक्तिलाई कानुनी सहायता, क्षतिपूर्ति तथा उद्धारका लागि आप्रवासी स्रोत केन्द्रमार्फत सहजीकरण गरिने जानकारी पनि दिइएको थियो।


सामी कार्यक्रमका कार्यक्रम संयोजक सरोज सिंह ले कार्यक्रमको प्रस्तुति दिएका थिए भने परामर्शदाता रबाबाबु सिंह ले कार्यक्रम सञ्चालन गरेका थिए।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## “हान्ताभाइरस” प्रकोपबारे डब्ल्युएचओको चेतावनी, थप केस आउन सक्ने

***जेनेभा, वैशाख २५ गते ।*** विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले हान्ताभाइरस प्रकोप अझ फैलिन सक्ने जोखिम रहेको चेतावनी दिएको छ, यद्यपि समयमै कडा स्वास्थ्य सावधानी अपनाइएमा यो प्रकोप सीमित स्तरमै नियन्त्रण गर्न सकिने अपेक्षा गरिएको छ ।

हालसम्म यस प्रकोपका कारण तीन जनाको मृत्यु भइसकेको छ भने पाँच वटा पुष्टि भएका र तीन वटा शङ्कास्पद सङ्क्रमणका केस देखिएका छन् । सङ्क्रमित तथा शङ्कास्पद बिरामीलाई बेलायत, जर्मनी, नेदरल्यान्ड्स, स्विट्जरल्यान्ड र दक्षिण अफ्रिकामा उपचार वा आइसोलेसनमा राखिएको छ । यो सङ्क्रमण एमभी होन्डियस नामक क्रुज जहाजसँग जोडिएको छ, जसले अर्जेन्टिनाको उसुआइआबाट यात्रा सुरु गरी क्यानरी टापुतर्फ समुद्री यात्रा गरिरहेको थियो । यात्राका क्रममा केही यात्रुमा अचानक गम्भिर लक्षण देखिन थालेपछि स्वास्थ्य अधिकारीले जहाजमा फैलिएको सङ्क्रमणबारे अनुसन्धान सुरु गरेका हुन् । प्रारम्भिक अनुसन्धान अनुसार एक यात्रु अर्जेन्टिनामा जहाज चढ्नु अघि नै सङ्क्रमित भएको हुन सक्ने र पछि जहाजमा अन्य यात्रुमा सङ्क्रमण फैलिएको हुन सक्ने अनुमान गरिएको छ । डब्ल्युएचओका महानिर्देशक टेड्रोस



अधानोम घेब्रेयेससका अनुसार हान्ताभाइरसको इन्क्युबेसन अवधि छ हप्तासम्म हुन सक्ने भएकाले आगामी दिन वा हप्तामा थप सङ्क्रमणका केस देखिन सक्ने सम्भावना रहन्छ । उहाँले यस रोगको विकास क्रमलाई नजिकबाट निगरानी गरिँदैछ र अन्तर्राष्ट्रिय समन्वय आवश्यक रहेको बताउनुभयो ।

डब्ल्युएचओका आपतकालीन प्रतिक्रिया निर्देशक अब्दी रहमान महमुदले यदि सबै देशले समयमै परीक्षण, सङ्क्रमित व्यक्तिको पहिचान, सम्पर्क ट्रेसिङ र आइसोलेसन जस्ता सार्वजनिक स्वास्थ्य उपाय प्रभावकारीरूपमा लागु गरे भने यो प्रकोप ठुलो स्तरमा फैलिन नदिई नियन्त्रण गर्न सकिने बताउनुभयो । उहाँका अनुसार अहिलेको अवस्था ‘सीमित तर सतर्क रहनुपर्ने’ प्रकृतिको छ ।

यसबिच अर्जेन्टिनाका स्वास्थ्य अधिकारीले सङ्क्रमणको स्रोत पत्ता लगाउन उसुआइआ क्षेत्रमा मुसा परीक्षण गर्ने तयारी गरेका छन्, किनकि हान्ताभाइरस सामान्यतया सङ्क्रमित मुसाको सम्पर्कबाट फैलिने गर्छ । जहाजमा यात्रा गरेका सबै यात्रु र चालक दलको विस्तृत सम्पर्क ट्रेसिङ पनि भइरहेको छ । जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपेडिसनका अनुसार हाल जहाजमा कुनै पनि लक्षण देखिएका यात्रु छैनन् र जहाज आफ्नो गन्तव्य स्पेनको टेनेरिफतर्फ अघि बढिरहेको छ, जहाँ आइतबार पुग्ने तालिका छ । यात्रुलाई विभिन्न देशमा पठाइएपछि स्थानीय स्वास्थ्य निकायले उनीहरूको स्वास्थ्य निगरानी गरिरहेका छन् । डब्ल्युएचओले यो प्रकोपलाई नियन्त्रणमा राख्न अन्तर्राष्ट्रिय सहयोग, समयमै परीक्षण र कडा आइसोलेसन उपाय अत्यन्त आवश्यक छन्, अन्यथा सङ्क्रमण थप देशमा फैलिन सक्ने जोखिम रहने जनाएको छ ।

## इन्डोनेसियामा ज्वालामुखी विस्फोट, २० जना पर्वतारोही बेपत्ता : अधिकारी

***जकार्ता, वैशाख २५ गते ।*** इन्डोनेसियाको पूर्वी हलमहेरा टापुको “माउन्ट डुकोनो” ज्वालामुखि विस्फोट हुँदा २० जना पर्वतारोही बेपत्ता भएको उद्धार अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ । अधिकारीका अनुसार बेपत्ता हुनेमा नौ जना सिङ्गापुरका नागरिक रहेका छन् भने विस्फोट हुँदा करिब १० किलोमिटर वरपरको क्षेत्रको हावामा धुवाँ फैलिएको छ । उद्धार टोली उद्धारका लागि तैनाथ रहेको उल्लेख गर्दै अधिकारीले घाइते व्यक्तिबारे अझै पुष्टि नभएको बताएका छन् । रिपोर्टका आधारमा बेपत्ता भएका २० जनाको खोजी भइरहेको स्थानीय उद्धार अधिकारी इवान रामदानीले पुष्टि गर्नुभएको छ । वैज्ञानिकले पछिल्लो समयमा इन्डोनेसियामा ज्वालामुखीका गतिविधि वृद्धि भएको चेतावनी दिएपछि अप्रिल-१७ देखि यो क्षेत्र आगन्तुकका लागि बन्द गरिएको भए ता पनि बेपत्ता सबै पर्वतारोही रहेको उहाँले उल्लेख गर्नु भएको छ । इन्डोनेसियको भू-



विज्ञान विभागका प्रमुख लाना सारियाले विस्फोटले उत्तरी मालुकु प्रान्तको माउन्ट डुकोनोको शिखरबाट करिब १० किलोमिटर टाढाको क्षेत्र सम्म प्रभाव गरेको पुष्टि गर्नुभएको छ । विस्फोटको खरानी उत्तरतर्फ धेरै फैलिएको उल्लेख गर्दै यस तर्फका आवासीय क्षेत्रमा सतर्कता अपनाउनु आवश्यक भएको उहाँले विज्ञप्तिमा उल्लेख गर्नु भएको छ । इन्डोनेसिया एक विशाल द्वीपसमूहको राष्ट्र र यसको भौगोलिक स्थितिको कारण बारम्बार भूकम्पीय तथा ज्वालामुखी गतिविधिको सामना गर्ने गरेको जनाइएको छ । माउन्ट डुकोनो हाल इन्डोनेसियाको चेतावनी प्रणालीको तेस्रो-उच्च सतर्कता स्तरमा रहेको जनाइएको छ । गत डिसेम्बरदेखि सेन्टर फर भोल्कानोलोजी एन्ड जियोलोजिकल हजार्ड मिटिगेसन (पिभिएमबिजी)ले पर्यटक तथा पर्वतारोहीलाई ज्वालामुखीको चार किलोमिटर भित्रमा नआउन सिफारिस गरेको छ ।

## नेशनल ...

अदालतका फैसला पनि विवादास्पद रहेको उनीहरूको भनाइ छ ।

त्यस्तै, मेडिकल उपकरण आयातमा राजस्व छली भएको, कर विवरण पारदर्शी नभएको तथा सम्पत्ति कारोबारमार्फत कालो धनलाई वैध बनाउने प्रयास (मनी लाउन्ड्रिङ) भएको आशंका पनि मञ्चले उठाएको छ ।

मञ्चका अनुसार केही व्यक्तिहरूको नाममा रहेका घरजग्गा तथा सम्पत्तिको स्रोत शंकास्पद देखिएकाले गहिरो वित्तीय अनुसन्धान आवश्यक रहेको छ ।

मञ्चले यो विषय केवल व्यक्तिगत विवाद नभई सार्वजनिक सम्पत्ति र सामाजिक न्यायसँग सम्बन्धित गम्भीर मुद्दा भएको बताउँदै तत्काल उच्चस्तरीय छानबिन समिति गठन गर्न सरकारसँग माग गरेको छ ।

साथै, नागरिक समाज, मानवअधिकारकर्मी र सञ्चारमाध्यमलाई पनि यो विषयमा निगरानी र दबाब बढाउन आग्रह गरिएको छ ।

## वीरगञ्जमा सार्वजनिक...

गराउनुपर्ने व्यवस्था पनि लागू हुनेछ । त्यसैगरी, राइड-शेयरिङ एपहरूमा SOS बटन अनिवार्य गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने र प्रगति विवरण मासिक रूपमा जिल्ला प्रशासन कार्यालयमा बुझाउने निर्णय गरिएको छ ।

बैठकले बसपार्क व्यवस्थापनमा समेत कडाइ गर्ने निर्णय गर्दै सबै लामो तथा छोटो दूरीका सवारी साधन अनिवार्य रूपमा नयाँ बसपार्क टर्मिनलबाट सञ्चालन गर्नुपर्ने व्यवस्था लागू गरेको छ । बसपार्क बाहिर सञ्चालन भइरहेका अवैध टिकट काउन्टर हटाउने जिम्मेवारी वीरगञ्ज महानगरपालिका, ट्राफिक प्रहरी र यातायात व्यवसायीलाई दिइएको छ ।

त्यस्तै, बाइपास सडक, घण्टाघर र पावरहाउस क्षेत्रबाट यात्रु चढाउने वा ओराल्ने कार्य पूर्ण रूपमा निषेध गरिएको छ । नियम उल्लंघन गर्ने सवारी चालकलाई ट्राफिक प्रहरीले कडा कारबाही गर्नेछ ।

यात्रु ठगी तथा बढी भाडा असुली रोक्न बसपार्कमा रहेको ‘यात्रु सहायता कक्ष’ २४ सै घण्टा सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ । साथै, बसपार्क क्षेत्रमा गुण्डागर्दी, झोला तान्ने तथा अन्य अवैध गतिविधिमा संलग्न व्यक्तिलाई तत्काल नियन्त्रणमा लिएर कारबाही गरिनेछ ।

बैठकले ट्राभल्स एजेन्सीहरूको अनुगमन कडाइ गर्ने, अवैध रूपमा सञ्चालन भएका एजेन्सीहरू बन्द गर्ने तथा यात्रु सुरक्षा सुधारका लागि नियमित निगरानी गर्ने निर्णय समेत गरेको छ ।

त्यस्तै, भन्सार प्रवेश बिन्दुभन्दा अगाडि EV, हायस र टाटा सुमोजस्ता सवारी सञ्चालनमा रोक लगाइने निर्णय गरिएको छ । साथै, यातायात कम्पनीहरूले जिल्ला ट्राफिक प्रहरीसँग समन्वय गर्न फोकल पर्सन तोक्नुपर्ने व्यवस्था पनि लागू गरिएको छ ।

बैठकले वीरगञ्ज महानगरपालिका, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा, यातायात व्यवस्था कार्यालय पर्सा र यातायात व्यवसायीको संयुक्त टोली गठन गरी सात दिनभित्र यातायात सुधारसम्बन्धी विस्तृत कार्ययोजना पेश गर्ने निर्णय समेत गरेको छ ।

## वीरगञ्जमा कवाडी ...

भइरहेको आरोपसमेत लगाएका छन् । चालु आर्थिक वर्षका लागि वीरगञ्ज महानगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर संकलनको ठेक्का करिब ५ करोड ४ लाख रुपैयाँमा स्वीकृत गरेको भए पनि दररेटअनुसार सूचना बोर्ड नदेखिनु र नियमविपरीत असुली जारी रहनुले प्रशासनको भूमिकामाथि प्रश्न उठाएको छ ।

स्थानीयहरूले अवैध असुली तत्काल रोक्न, पारदर्शी व्यवस्था लागू गर्न र दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।

## सुकुम्बासी ...

सुकुम्बासी बस्ती हटाउने अभियान सुरु गरेको थियो । सो अभियान अन्तर्गत डोजर चलाइएपछि स्थानीय बासिन्दा तथा अधिकारकर्मीहरूले विरोध जनाएका थिए ।

अदालतको आदेशसँगै अब तत्कालका लागि सुकुम्बासी बस्ती हटाउने कार्य रोकिएको छ । आदेशमा वैकल्पिक पुनर्वास, मानव अधिकार र सामाजिक सुरक्षालाई ध्यानमा राखेर मात्रै यस्ता कार्य अघि बढाउनुपर्ने संकेत गरिएको कानुनी क्षेत्रले जनाएको छ ।

सुकुम्बासी समस्या दीर्घकालीन सामाजिक विषय भएकाले केवल हटाउने होइन, व्यवस्थापन र पुनर्वासलाई प्राथमिकता दिनुपर्ने बहस पनि पुनः चुलिएको छ ।

## जावलाखेलस्थित...

भएपछि मन्त्रालयले तत्काल अनुगमन टोली खटाएर छापा प्रक्रिया अघि बढाएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय का अनुसार प्रारम्भिक अनुसन्धानपछि म्यानपावर कम्पनीमाथि थप कानुनी कारबाही अघि बढाइने र कार्यालय सिल गर्ने तयारी गरिएको छ ।

मन्त्रालयका प्रतिनिधिहरूले वैदेशिक रोजगारीका नाममा हुने सम्भावित ठगी, कागजात रोक्ने तथा गैरकानुनी रकम संकलनजस्ता गतिविधिबारे गम्भीर अनुसन्धान भइरहेको बताएका छन् ।

मन्त्रालयका स्वकीय सचिव सरोज यादवले वैदेशिक रोजगारीसम्बन्धी कुनै पनि गुनासो आएमा तत्काल सम्बोधन गर्न मन्त्रालय र मन्त्रीको सचिवालय २४ सै घण्टा सक्रिय रहने बताएका छन् ।

वैदेशिक रोजगार क्षेत्रलाई पारदर्शी र सुरक्षित बनाउन अनुगमन थप कडा बनाइने मन्त्रालयले जनाएको छ ।

## रातको...

आएको छ। रातारात मार्ग उहीँ समय परिवर्तन गरि तसकरी लाईन प्रहरीले खुलाएको छ


मोटो रकम नजराना दिएर दैनिक ओसारपसार हुने गरेको एक भरियाले बाताए। ट्रन्जीट पोवान्ट अबैध समानको बारा स्थित कवही गोठ र पिपरपाती बेनौलौ लागयत सिमानाकामा तैनाद प्रहरीको आचरणले सरकारको सिमा व्यवस्थालाई चुनौति दिईएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु




हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सुकुम्बासी बस्ती हटाउने कार्यमा सर्वोच्चको अन्तरिम आदेश।




**काठमाडौं, २५ वैशाख ।** सर्वोच्च अदालत ले देशभरका सुकुम्बासी बस्ती हटाउने क्रममा उचित व्यवस्थापन नगरी कुनै पनि नागरिकलाई जबरजस्ती विस्थापन नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डे को संयुक्त इजलासले शुक्रबार उक्त आदेश दिएको हो। अदालतले सुकुम्बासी तथा भूमिहीन नागरिकको आवास अधिकार र मानवअधिकारको संरक्षणलाई ध्यानमा राख्दै वैकल्पिक व्यवस्थाबिना बस्ती हटाउने कार्य रोक्न आदेश दिएको हो।

सरकारले काठमाडौं उपत्यका तथा नदी किनार क्षेत्रमा अवैध बस्ती हटाउने अभियान सुरु गरेपछि प्रभावित समुदायका तर्फबाट वैशाख ११ गते रिट दायर गरिएको थियो। रिट निवेदकहरूले सरकारले बिना पुनर्वास योजना सुकुम्बासीलाई उठिबास लगाउन खोजेको आरोप लगाउँदै तत्काल रोक लगाउन माग गरेका थिए।

रिट निवेदकमध्ये गोपाल रनपहेली सहित अर्णव चौधरी, ओजस्वी भट्टराई, तनुजा पाण्डे, माजिद अन्सारी, प्रज्वलविक्रम राणा, कविता राई तथा विकासकुमार गुप्ता रहेका छन्।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, काठमाडौं महानगरपालिका, नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय भूमि आयोग लगायत निकायलाई विपक्षी बनाइएको छ। सरकारले वैशाख १२ गतेदेखि थापाथली, सिनामंगल र मनोहरा क्षेत्रका नदी किनारमा रहेका

बाँकी तेस्रो पृष्ठमा

# डोजर आतंक अतिरञ्जित, पहिचान र व्यवस्थापनपछि मात्रै सुकुम्वासी बस्ती हटाइने : मन्त्री रावल



**काठमाडौं, २५ वैशाख ।** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावल ले भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बस्ती हटाउने काम पहिचान र उचित व्यवस्थापनपछि मात्रै अघि बढाइने स्पष्ट गर्नुभएको छ।

सिंहदरबार मा शुक्रबार बसेको प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा बोल्दै मन्त्री रावलले उपत्यकामा बाढी जोखिम न्यूनीकरणका लागि केही बस्ती हटाइएको भए पनि त्यसलाई “डोजर आतंक” भनेर अतिरञ्जित गरिएको टिप्पणी गर्नुभयो।

उहाँले संघीय सरकारको परिपत्रअनुसार नागरिकलाई बिना व्यवस्थापन विस्थापित नगरिने भन्दै वास्तविक पीडितको पहिचानपछि मात्रै पुनःस्थापना र व्यवस्थापन गरिने बताउनुभयो। नक्कली पीडितलाई भने राज्यले छुट नदिने उहाँको भनाइ थियो।

मन्त्री रावलले विगतका भूमि आयोगहरू राजनीतिक भर्ती केन्द्रजस्तै बनेको आरोप लगाउँदै अब वास्तविक भूमिहीन र सुकुम्वासीको समस्या समाधान गर्ने उद्देश्यले नयाँ संयन्त्र बनाइने जानकारी दिनुभयो।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएको समस्याबारे बोल्दै उहाँले ऋण असुली, बचत फिर्ता र नियमनलाई प्राथमिकतामा राखिएको बताउनुभयो। सहकारी समस्या समाधानका लागि राज्य कोष प्रयोग नगरी ऋण असुलीमार्फत नै बचतकर्ताको रकम फिर्ता गरिने स्पष्ट पार्नुभयो।

सरकारले भूमिहीन र सुकुम्वासी व्यवस्थापनलाई संवेदनशील विषयका रूपमा लिँदै चरणबद्ध रूपमा नीति कार्यान्वयन गर्ने तयारी गरिरहेको मन्त्रालयले जनाएको छ।

# वीरगञ्जमा कवाडी करको नाममा अवैध असुली, स्थानीय प्रशासनको भूमिकामाथि प्रश्न



**वीरगञ्ज, २५ वैशाख ।** वीरगञ्ज क्षेत्रमा कवाडी करको नाममा भइरहेको अवैध असुली अझै रोकिएको छैन। स्थानीय प्रहरी र प्रशासनलाई चुनौती दिँदै सम्झौताविपरीत रकम उठाइँदा व्यापारी तथा सवारी चालकहरू प्रभावित भएका छन्।

वीरगञ्ज महानगरपालिका सँगको सम्झौताविपरीत ठेक्का लिएको पक्षले राजमार्गका विभिन्न स्थानमा मालवाहक सवारीसाधनबाट मनपरी रकम असुली गरिरहेको गुनासो बढेको छ। जगरनाथपुर चोक, रामगढवा, परवानीपुर लगायत क्षेत्रमा भारतीय नम्बर प्लेटका ट्रक तथा मालवाहक सवारीसाधनबाट प्रतिगाडी ४ सयदेखि ७ सय रुपैयाँसम्म असुली भइरहेको आरोप छ।

चालकहरूका अनुसार कतिपय अवस्थामा रसिद नै नदिई रकम उठाइने, रसिदभन्दा बढी पैसा लिने तथा रकम दिन अस्वीकार गर्दा दुर्व्यवहार र कुटपिटसमेत हुने गरेको छ। यसले सीमा क्षेत्रको यातायात तथा व्यापारिक गतिविधिमा असहजता बढाएको छ।

महानगरपालिकाको राजस्व शाखाका प्रमुख मनोज कर्ण ले सम्झौताअनुसार पुरानो फलाम, प्लास्टिक, कागज, टायर-ट्युबजस्ता कवाडी सामग्रीमा मात्र कर उठाउनुपर्ने व्यवस्था भए पनि त्यसको उल्लंघन भइरहेको स्वीकार गरेका छन्।

उनले लिखित उजुरी आएपछि ठेकेदारलाई सचेत गराइएको भए पनि अटेर गरेको भन्दै अब आवश्यक परे प्रहरीले कारबाही गर्नुपर्ने अवस्था आएको बताए। तर, स्थानीय तहबाट प्रभावकारी अनुगमन नहुँदा समस्या झनै बढ्दै गएको देखिएको छ।

स्थानीयवासीले जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालय पर्सा लाई पटक-पटक जानकारी गराउँदा पनि ठोस कारबाही नभएको गुनासो गरेका छन्। केहीले भने स्थानीय प्रहरीकै मिलेमतोमा यस्तो अवैध असुली

बाँकी तेस्रो पृष्ठमा

# सिरहाको बरियारपट्टी छोटी भन्सार बन्दपछि हुलाकी मारऔंग अरुद्धगरि आन्दोलन चर्कियो



**सिरहा, २५ वैशाख ।** बरियारपट्टी स्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारी निर्णयको विरोधमा स्थानीयवासी तथा व्यापारीहरूले आन्दोलन तीव्र पारेका छन्। आन्दोलनका कारण हुलाकी राजमार्ग अवरुद्ध हुँदा आवागमन र व्यापारिक गतिविधि प्रभावित भएका छन्।

नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै उक्त छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेपछि स्थानीय स्तरमा असन्तुष्टि चुलिएको हो। निर्णयले सीमावर्ती व्यापार, राजस्व संकलन र रोजगारीमा प्रत्यक्ष असर पर्ने भन्दै स्थानीयहरूले पुनर्विचार गर्न माग गरेका छन्।

आन्दोलनकारीहरूले बिहीबार बिहान राजमार्ग अवरुद्ध गर्दै जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाएका थिए। त्यसपछि चरणबद्ध आन्दोलन घोषणा गर्दै उनीहरूले वैशाख २५ गते चक्काजाम, २६ गते र्‍याली तथा कोणसभा, २७ गते बजार बन्द र मसाल जुलुस तथा २८ गतेदेखि अनिश्चितकालीन आमहड्ताल गर्ने चेतावनी दिएका छन्।

विनोद कुमार यादव का अनुसार भन्सार बन्द भएपछि स्थानीय अर्थतन्त्रमा नकारात्मक असर परेको भन्दै निर्णय फिर्ता हुनुपर्ने माग गरिएको छ।

शुक्रबार बिहान प्रदर्शनकारीहरूले सडकमा टायर बालेर तथा अवरोध सिर्जना गरेर हुलाकी राजमार्ग ठप्प पारेका छन्। सडक अवरुद्ध हुँदा पूर्व-पश्चिम आवागमन र नेपाल-भारत सीमा नाका प्रयोग गर्ने यात्रुहरू प्रभावित भएका छन्।

यता, सुरेन्द्र पौडेल ले छोटी भन्सार बन्द भएपछि देखिएको समस्या समाधानका लागि माडर भन्सारबाट वैकल्पिक सेवा सञ्चालन गरिएको जानकारी दिएका छन्। उनले आन्दोलनकारीको मागबारे सम्बन्धित मन्त्रालयमा जानकारी पठाइने पनि बताएका छन्।

स्थानीय तहमा भन्सार बन्दको विषयलाई लिएर तनाव बढ्दै गएपछि प्रशासनले वार्ता र छलफलमार्फत समाधान खोज्ने प्रयास गरिरहेको छ।

# जावलाखेलस्थित मुन म्यानपावरमा छापा, ४३७ पासपोर्ट र नगद बरामद वैदेशिक रोजगार ठगीको आशंकामा मन्त्रालयको अनुगमन



**काठमाडौं, २५ वैशाख ।** ललितपुरको जावलाखेलस्थित मुन म्यानपावर कम्पनीमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले छापा मारेको छ। छापाका क्रममा ठूलो संख्यामा राहदानी र नगद रकम बरामद भएपछि वैदेशिक रोजगारीसम्बन्धी अनियमितताबारे पुनः प्रश्न उठेको छ।

मन्त्रालयको टोलीले गरेको अनुगमनका क्रममा कार्यालयबाट ४३७ वटा पासपोर्ट र करिब रु. ७ लाख ९० हजार नगद बरामद गरिएको छ। बरामद नगदको कुनै वैध रसिद फेला नपरेको अधिकारीहरूले बताएका छन्।

यो कारबाही मलेसिया जान लागेका एक युवाले प्रधानमन्त्री कार्यालयमा गुनासो गरेपछि सुरु गरिएको बताइएको छ। गुनासो प्राप्त

बाँकी तेस्रो पृष्ठमा

# चितवनको माडीमा अवैध बालगृह सञ्चालनको खुलासा।

**माडी (चितवन), २५ वैशाख ।** माडी नगरपालिका-६ स्याउलीबासमा ‘सेन्टल अफ पिसफुल होम’ नामक संस्थाले कानुनी प्रक्रिया पूरा नगरी अवैध रूपमा बालगृह सञ्चालन गरिरहेको तथ्य सार्वजनिक भएको छ। संस्थाले बालबालिकालाई देखाएर विभिन्न निकायबाट रकम असुली गर्दै आएको गम्भीर आरोपसमेत लागेको छ।

स्थानीयवासीका अनुसार सो संस्थाले कुनै आधिकारिक दर्ता वा अनुमति बिना नै बालबालिकालाई आवासीय रूपमा राख्दै आएको छ। हाल त्यहाँ करिब १० जना बालिकाहरू राखिएको बताइएको छ। उनीहरूलाई अस्वच्छ, साँघुरो र असुरक्षित वातावरणमा राखिएको दृश्यले स्थानीयमा चिन्ता बढाएको छ।

संस्थामा कार्यरत कर्मचारी पावर पाण्डेले २०८२ माघदेखि विभिन्न जिल्लाबाट बालिकाहरू ल्याएर राखिएको बताएका छन्। तर संस्थाका सञ्चालक तिम्मोती दङ्गालले दर्ता प्रक्रियामा रहेको दाबी गरे पनि कुनै आधिकारिक प्रमाण प्रस्तुत गर्न नसकेको उल्लेख छ।

स्थानीय स्रोतका अनुसार संस्थाले बालबालिकाको अवस्थालाई देखाएर विभिन्न दातृ निकाय र व्यक्तिबाट आर्थिक सहयोग संकलन गर्दै आएको छ। तर संकलित रकम कहाँ खर्च भइरहेको छ भन्नेबारे कुनै पारदर्शिता नरहेको आरोप छ। बालगृह रहेको क्षेत्र जङ्गल र झाडीले घेरिएको छ भने सुरक्षा पर्खाल, निगरानी वा महिला कर्मचारीको व्यवस्था समेत नभएको बताइएको छ। यसले बालबालिकाको सुरक्षा थप जोखिममा परेको स्थानीयको भनाइ छ। नेपालको बाल अधिकारसम्बन्धी कानुन अनुसार बालगृह सञ्चालनका लागि स्थानीय तहको अनुमति, दर्ता, सुरक्षा मापदण्ड र निगरानी प्रणाली अनिवार्य हुन्छ। तर ती मापदण्ड पूरा नगरी संस्था सञ्चालन भइरहेको पाइएपछि कानुनी प्रश्न उठेको छ।

विषय सार्वजनिक भएपछि गणेश अर्याल ले मापदण्डविपरीत सञ्चालन हुने संस्थामाथि कारबाही गर्ने चेतावनी दिएका छन्। त्यस्तै जगतप्रसाद भुसाल ले अनुगमन गरी अवैध संस्था बन्द गरिने बताएका छन्। वडा अध्यक्ष दिपेन्द्र पौडेल ले पनि अनुमति बिना संस्था सञ्चालन गर्न नपाइने स्पष्ट पार्दै आवश्यक कानुनी प्रक्रिया अघि बढाइने बताएका छन्। यद्यपि स्थानीय प्रशासनले अनुगमन र कारबाहीको आश्वासन दिए पनि हालसम्म ठोस कदम नचालिएको भन्दै स्थानीयले तत्काल बालबालिकाको सुरक्षा सुनिश्चित गर्न माग गरेका छन्।


## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।